# मानवअधिकारपत्र

Human Rights Post

NHRC Monthly Newsletter Vol. 1 Issue 9 Dec. - Jan. 2008/09

वर्ष १, अङ्क ९ राष्ट्रिय मानवअधिकार आयोगको मासिक बुलेटिन २०६५ पुस


### सन्दर्भ ६०औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस

## सिफारिस कार्यान्वयन गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण

ललितपुर/ राष्ट्रिय मानवअधिकार आयोगले आयोगका सिफारिसहरू कार्यान्वयन नभएको भनी प्रधानमन्त्रीको गम्भीर ध्यानाकर्षण गराएको छ। ६०औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष केदारनाथ उपाध्यायले आयोगका सिफारिसहरूप्रति सरकारी उदासिनताले राष्ट्रिय मानवअधिकार आयोगकै औचित्य र आवश्यकतामाथि प्रश्न उठेको भनी कार्यक्रममा उपस्थित प्रधानमन्त्री पुष्पकमल दाहालको ध्यानाकर्षण गराउनु भएको थियो। सम्बोधनका क्रममा अध्यक्ष उपाध्यायले विभिन्न राजनीतिक दलहरूद्वारा आ-आफ्नो भ्रातृसङ्गठनको स्थापना गरेका तर तिनका गतिविधि मुख्यतः कानुन हातमा लिने र मानवअधिकार विरोधी गम्भीर अपराधमा संलग्न हुने गरेको पाइएको र त्यस्ता अपराधमा संलग्न व्यक्तिलाई राजनीतिक संरक्षणका कारण सुरक्षाकर्मी निरीह बनेको बताउनु भयो। उहाँले भन्नुभयो, 'कानुन आफ्नो हातमा लिने र विधिको शासनसँग अपराधिक खेलवाड गर्नेहरूलाई सहि ठाउँ देखाउन नसक्नुमा प्रशासन र प्रहरीको लाचारी देखिएको छ। यसले दण्डहीनताको स्थितिलाई अझ विकराल बनाउदै लगेको छ।' सरकारले केही अघि ३ सय ४९ जना विरुद्धको मुद्दा 'राजनीतिक' भन्दै फिर्ता लिएको सम्बन्धमा अध्यक्ष उपाध्यायले भन्नुभयो, 'सरकारले फिर्ता लिएका मुद्दाहरूको गम्भीर अध्ययन गर्दैछौं तिनले दण्डहीनतालाई टेवा मिलेको या नमिलेको विश्लेषण गर्नेछौं।'

प्रमुख अतिथिका रूपमा कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहालले नेपालले २० भन्दा बढी मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको अनुमोदन गरी दक्षिण एसियाकै अग्रणी मुलुकका रूपमा स्थापित हुनखोजे पनि विभिन्न कारणले तिनको कार्यन्वयन उचित किसिमले हुन नसकेको बताउनु भयो। प्रधानमन्त्री दाहालले मानवअधिकार ठूला राष्ट्रले लाद्ने वा दाताको पेवा नभई नेपाली जनताको रूपान्तरणको अजेन्डा भएको टिप्पणी गर्नुभयो। कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहालले मानवअधिकारको विश्वव्यापी घोषणापत्रका सबै धाराहरू उल्लेख गरिएको सचित्र पोस्टर सार्वजनिक गर्नुभएको थियो। त्यसैगरी आयोगका प्रकाशनहरू 'शान्तिसम्झौताको अवधिमा मानवअधिकारको अवस्था' र 'बालअधिकारः सिफारिस तथा कार्यान्वयन प्रतिवेदन' समेत प्रधानमन्त्रीबाट विमोचन गरिएको थियो।




क्रमशः आयोग सदस्य डा. लीला पाठक, संविधानसभा अध्यक्ष सुवास नेम्वाङ, प्रधानमन्त्री पुष्पकमल दाहाल, आयोगका अध्यक्ष केदारनाथ उपाध्याय र ओएचसिएचआरका नेपाल प्रतिनिधि रिचार्ड बेनेट ।

राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपाल कार्यालयका प्रमुख रिचार्ड बेनेटले संवैधानिक हैसियत प्राप्त राष्ट्रिय मानवअधिकार आयोग महत्वपूर्ण निकाय भएको उल्लेख गर्दै त्यसको स्वतन्त्रता र कार्यक्षमतामा राज्यको मानवअधिकारसम्बन्धी साख अडेको उल्लेख गर्नुभयो। उहाँले आयोगका सिफारिसमा सरकारले प्रतिक्रिया जनाउनै पर्नेमा जोड दिनुभयो। कार्यक्रममा सहभागीहरूलाई स्वागत गर्दै आयोगका सदस्य डा. लीला पाठकले मानवअधिकार दिवसको अवसरमा दण्डहीनतालाई अन्त्य गरी मानवअधिकार संस्कृति निर्माणमा हामी सबै जुट्न जरुरी छ भन्नुभयो। गैरसरकारी संस्था महासंघका अध्यक्ष डा. अर्जुन कार्कीले



६०औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा आयोगको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रमका सहभागीहरू ।

### यसभित्र


१. मानवअधिकार दिवसका अवसरमा आयोगका अध्यक्षले दिनुभएको सन्देश २
२. मंसिर महिनामा मानवअधिकारको अवस्था ४
३. राष्ट्रिय मानवअधिकार संस्थाहरूको क्षेत्रीय परामर्श बैठक सम्पन्न ७
४. भूमिसम्बन्धी आयोग गठन गर्न सिफारिस ७
५. संविधानसभा र मानवअधिकार कार्यशाला ८
६. गृहमन्त्री र आयोग पदाधिकारीबीच छलफल, सिफारिस कार्यान्वयन गर्न जोड ९
७. नयाँ संविधानमा बालहित सुनिश्चित गर्न आयोगको आग्रह ९
८. फोटो फिचर १०
९. आयोगमा मङ्सिर महिनामा परेका उजुरीहरू ११

# राष्ट्रिय मानवअधिकार आयोग

### केन्द्रीय कार्यालय, ललितपुर

**आयोगका पदाधिकारीहरू**

अध्यक्ष : केदारनाथ उपाध्यय
सदस्य : रामनगीना सिंह
सदस्य : गौरी प्रधान
सदस्य : डा. लीला पाठक
सदस्य : डा. के.बी. रोकाया
सचिव : विशाल खनाल

## मासिक सन्दर्भ

**मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको ६०औं वर्षका अवसरमा राष्ट्रिय मानवअधिकार आयोगका *अध्यक्ष केदारनाथ उपाध्याय* ले दिनुभएको सन्देश**

मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको अवसरमा आज हामी ६० औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस मनाइरहेका छौं। राष्ट्रिय मानवअधिकार आयोगले **मर्यादा, न्याय र शान्ति : मानवअधिकार हामी सबैका निम्ति** भन्ने सन्देशका साथ यो दिवस मनाईरहेको छ। यस दिवसका अवसरमा मानवअधिकार सुदृढीकरण अभियानमा समर्पित सम्पूर्ण मानवसन्तति प्रति आयोग हार्दिक सम्मान प्रकट गर्दछ।

- विस्तृत शान्ति सम्झौता, २०६३ र संविधानसभाको निर्वाचन २०६४ पछि देश सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ। हामी देशमा नयाँ संविधान बनाउने क्रममा छौं। राष्ट्रिय मानवअधिकार आयोग अब बन्ने संविधान मानवअधिकारमैत्री हुनुपर्छ भन्ने कुरामा दृढ छ।
- सशस्त्र द्वन्द्वको अवधिमा भएका मानवअधिकार उलङ्घन र ज्यादतीहरूको सम्बोधन गर्न संविधानमा उल्लेख गरिएका सत्य निरुपण आयोग, शान्ति तथा पुनर्निमाण आयोग, बेपत्ता आयोग लगायतका आयोगहरू गठन हुन सकेका छैनन्। साथै, मानवअधिकार हनन गर्ने उपर कानुनी कारवाही हुन सकेको छैन। अपराधीहरूलाई राजनीतिक संरक्षण दिने कार्य भईरहेकाले दण्डहीनता बढेको छ। त्यसको निरूपण हुनु पर्दछ।
- द्वन्द्वकालमा बेपत्ता पारिएका ९७० जनाको स्थिति सार्वजनिक गर्न नेपाल सरकारले पर्याप्त ध्यान नदिएको कुरामा आयोग विशेष चासो प्रकट गर्दछ र तत्काले उनीहरूको स्थिति सार्वजनिक गरी दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति दिन सरकार कटिबद्ध हुनुपर्छ। यस्तै द्वन्द्वबाट विस्थापित भएकालाई पुन:स्थापना गर्न र कब्जा गरिएका सम्पति फिर्ता गराउन सरकारले तत्कालै ठोस कदम चाल्नुपर्दछ।
- महिला तथा बालबालिका माथि हुने हिंसा र शोषण बन्द गर्न, सञ्चारकर्मी र मानवअधिकारकर्मी माथि भएका हिंसाका घटनाका दोषीहरूलाई कानुनी कारबाही गर्न र आवश्यक जनचेतना जगाउन, आयोग नेपाल सरकार र सम्बद्ध सबैलाई अनुरोध गर्दछ।
- नेपालमा कुनै पनि किसिमको जातीय, लिङ्गीय वा अन्य प्रकारका भेदभावलाई व्यवहारिक रूपमै अन्त्य गरिनु पर्दछ। नेपालपक्ष भएका सबै किसिमका अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सन्धि तथा राष्ट्रिय कानुनहरूलाई कार्यान्वयन हुने वातावरण बनाउनु पर्दछ।
- राष्ट्रिय मानवअधिकार आयोगले गरेका सिफारिसहरूलाई तत्कालै उचित प्राथमिकता दिई तिनको कार्यान्वयन गरिनु पर्दछ।

अन्त्यमा, मानवअधिकार दिवसका अवसरमा नेपाल सरकारले गरेका मानवअधिकारसम्बन्धी प्रतिबद्धताहरूको पूर्ण पालना गरी मुलुकमा विद्यमान दण्डहीनताको संस्कारलाई अन्त्य गर्न राष्ट्रिय मानवअधिकार आयोग हार्दिक आग्रह गर्दछ।

मानवअधिकारलाई आर्थिक, सामाजिक सांस्कृतिक विकासका पक्षमा अघि बढाउनु आवश्यक भएको बताउँदै आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक अनुबन्धलाई नि:सर्त अनुमोदन गर्न नेपाल सरकारलाई आग्रह गर्नुभयो।

कार्यक्रममा संविधानसभाका अध्यक्ष सुवास नेम्वाङ, उपप्रधान तथा गृहमन्त्री बामदेव गौतम, पूर्व प्रधानमन्त्री सूर्यबहादुर थापा, अन्मिन प्रमुख इयान मार्टिन, विभिन्न मन्त्रीहरू, सर्वोच्च अदालतका न्यायाधीशहरू, सवैधानिक निकायका प्रमुख एवम् पदाधिकारीहरू, विभिन्न देशका राजदुतहरू, राष्ट्रसङ्घीय निकायका प्रतिनिधिहरू, नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरू, गैरसरकारी संस्थाका प्रतिनिधिहरू, विभिन्न पेसागत संस्थाका प्रतिनिधि, प्राज्ञ, सञ्चारकर्मी, कानुन व्यवसायी, विद्यार्थी लगायतको उपस्थिति थियो। आयोगले यो वर्षका लागि 'मर्यादा, न्याय र शान्ति, मानवअधिकार हामी सबैका निम्ति' नारा तय गरेको थियो। आयोगले यो नाराको अंग्रेजी अनुवाद लेखिएको एसएमएस नेपाल टेलिकमको सहयोगमा नेपालभरिका पोस्टपेड र सिडिएमए मोबाइलहरूमा सम्प्रेषण गरिएको थियो।



**नेपालगञ्जमा आयोजित अन्तर्क्रिया कार्यक्रममा आयोगका पूर्व सदस्य प्रा. कपिल श्रेष्ठ र अधिकारकर्मीहरू**

यसैबीच आयोगका सबै क्षेत्रीय तथा सम्पर्क कार्यालयहरूमा अन्तर्राष्ट्रिय मानवअधिकार दिवस भव्य रूपमा मनाइएको छ। मानवअधिकार दिवसले सर्वसाधारणमा आफ्ना अधिकारप्रति सचेतना र कर्तव्यप्रति जागरुक बनाउन प्रेरणा मिलोस् भन्ने उद्देश्यले चेतनामूलक कार्यक्रमहरू आयोजना गरिएको थियो। आयोगको पूर्वाञ्चल कार्यालय, विराटनगरको टोलीले मङ्सिर १८ गते अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी राजविराजमा प्रशिक्षण दिएको थियो। टोलीले राजविराजमा रहेका हिरासत तथा बन्दीगृहहरूको भ्रमण गरी त्यहाँ रहेका बन्दीहरूको अवस्थाबारे जानकारी लिएको थियो। पूर्वाञ्चल मानवअधिकार सञ्जालको आयोजनामा मङ्सिर २४ गते बृहत् मानवअधिकार र्‍यालीको आयोजना गरियो। आयोगको समेत सक्रिय सहभागिता रहेको यो र्‍याली विराटनगरको महेन्द्रचोकबाट सुरु भई नगर परिक्रमा गरेको थियो। मानवअधिकार दिवसका अवसरमा मङ्सिर २५ गते बेलुका दिपावली गरिएको थियो, जसमा विराटनगरमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधि, सुरक्षा निकायका प्रतिनिधि, सञ्चारकर्मी, शिक्षक-विद्यार्थी, कानुन व्यावसायी नागरिक समाजका सदस्यहरू लगायतको उपस्थिति थियो। त्यस्तै, आयोगका सचिव विशाल खनालको उपस्थितिमा विराटनगरमा 'मानव अधिकार : राज्यको दायित्व र आयोगको भूमिका' विषयक अन्तरक्रिया सम्पन्न भयो।

अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा आयोगको पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा तथा शान्तिका लागि नागरिक समाजको सञ्जाल, कास्कीको संयुक्त आयोजनामा अधिकारकर्मी र सञ्चारकर्मीहरुबीच मैत्रीपूर्ण फुटबल प्रतियोगिता मङ्सिर २४ गते पोखरा रंगशालामा सम्पन्न भयो। पोखराका मानवअधिकारकर्मी तथा




**पोखराको चिप्लेढुङ्गामा मानवअधिकार चोकको उद्घाटन गर्दै आयोगका सदस्य गौरी प्रधान**

सञ्चारकर्मीहरूको सहभागिता रहेको उक्त खेल प्रतियोगितामा सञ्चारकर्मी समूहको दुई गोलका विरुद्ध मानवअधिकार समूह पाँच गोल गरी विजयी भएको थियो । त्यसैगरी मङ्सिर २५ गते आयोगको पश्चिमाञ्चल क्षेत्रीय कार्यालय र शान्तिका लागि नागरिक समाजको सञ्जाल, कास्कीको संयुक्त आयोजनामा प्रभातफेरी कार्यक्रम आयोजना गरियो । आयोगका सदस्य गौरी प्रधानको प्रमुख आतिथ्यमा बिहान आठ बजे पृथ्वीचोकबाट सुरु भएको प्रभातफेरी नगरपरिक्रमा पश्चात् चिप्लेढुङ्गामा पुगेर सभामा परिणत भएको थियो । चिप्लेढुङ्गामा रहेको चौतारालाई 'मानवअधिकार चोक' भनी नामाकरण गरिएको छ । मानवअधिकार चोकमा साँझ ५:३० बजे दीप प्रज्वलन गरिएको थियो । मानवअधिकार दिवसकै सन्दर्भ पारेर पोखरामा सञ्चारकर्मीहरूलाई आयोगको सभाकक्षमा पत्रकार सम्मेलन गरिएको थियो । सम्मेलनमा आयोगका सदस्य गौरी प्रधानले मानवअधिकारको वर्तमान अवस्थाका बारेमा पत्रकारका विभिन्न जिज्ञासाको जवाफ दिनुभएको थियो ।

यसै सन्दर्भमा आयोगको मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्ज लगायत विभिन्न ११ ओटा संस्थाहरूले संयुक्त रूपमा विभिन्न कार्यक्रम आयोजना गरेर मानवअधिकार सप्ताह मनाए । यसरी मानवअधिकार दिवस मनाउने संस्थाहरूमा राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, इन्सेक, एड्भोकेसी फोरम, नेपाल बार एसोसिएसन, जिल्ला बार एकाइ लगायत छन् । मङ्सिर २२ र २४ गते 'मानवअधिकारका लागि सुशासन' भन्ने नाराका साथ सरकारी निकायमा राखिएका बडापत्र बमोजिम काम भएनभएको अनुगमन गरियो भने मङ्सिर २३ गते अन्तरक्रिया कार्यक्रम र रक्तदान कार्यक्रम सम्पन्न भयो । रक्तदान कार्यक्रममा ६२ जनाले रक्तदान गरेर मानवअधिकार रक्त समूह गठन गरेका छन् । त्यसैगरी मानवअधिकार दिवसको अवसरमा मङ्सिर २५ गते बिहान नेपालगञ्जका मानवअधिकार रक्षकहरू सम्मिलित मानवअधिकार म्याराथुन दौड र बेलुका रामलीला मैदानमा बृहत चियापान कार्यक्रम आयोजना गरियो ।

यसैगरी आयोगको सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय, धनगढीले अन्तर्राष्ट्रिय मानवअधिकार दिवस मनाउने सन्दर्भमा एकहप्ते सञ्चार अभियान सञ्चालन गर्‍यो । यो कार्यक्रम सफल पार्न आयोगले नागरिक समाजका प्रतिनिधि, मानवअधिकारकर्मी, सञ्चारकर्मी, महिलाअधिकारकर्मी लगायतसँग छलफल गरेको थियो । अन्तर्राष्ट्रिय मानवअधिकार दिवसकै अवसरमा आयोग, ओएचसिएचआर, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त आयोजनामा मङ्सिर २५ गते बन्दीका अधिकारसम्बन्धी एकदिने कार्यशालाको आयोजना गर्‍यो । आयोगका सदस्य डा. के.बी. रोकायाको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यशालामा 'आफ्ना अधिकार जान्नुहोस्' शीर्षक पोस्टर सार्वजनिक गरिएको थियो ।

## मानवअधिकार प्रदर्शनी

ललितपुर/ ६०औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा आयोगको केन्द्रीय कार्यालयले मङ्सिर २४ र २५ गते आयोगकै हातामा बृहत् मानवअधिकार प्रदर्शनी आयोजना गर्‍यो । मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनमा भएगरेका कार्यहरूको जानकारी गराउन र मानवअधिकारको अवधारणाबारे जनचेतना जगाउने उद्देश्यले यो प्रदर्शनीको आयोजना गरिएको थियो । यो प्रदर्शनीमा राष्ट्रिय महिला आयोग, संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्च आयुक्तको नेपाल कार्यालय, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), बाल मजदुर सरोकार केन्द्र (सिविन), नेपाल मानवअधिकार सङ्गठन (ह्युरोन), मानवअधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड), नेपाल अपाङ्ग मानवअधिकार केन्द्र, महिला पुर्नस्थापना केन्द्र (ओरेक), मानवअधिकार, वातावरण र विकासका लागि अन्तर्राष्ट्रिय संस्था (इन्हुरेड), निलहिरा समाज, मानवअधिकार सञ्चार प्रतिष्ठान (इह्रिकन), महिला कानुन तथा विकास मञ्च, वकालत मञ्च, कानूनी परामर्श तथा सहायता केन्द्र (ल्याक) र हिमाल मिडिया गरी १६ संस्थाहरू सहभागी थिए । प्रदर्शनीमा मानवअधिकार, बालअधिकार, महिलाअधिकार लगायतका विभिन्न पुस्तक, ब्रोसर, बुलेटिन साथै मानवअधिकार संरक्षण तथा प्रवर्द्धनसम्बन्धी तस्बिरहरूको प्रदर्शन गरिएको थियो । यो प्रदर्शनीमा प्रधानमन्त्री पुष्पकमल दाहाल, संविधानसभाका अध्यक्ष सुवास नेम्वाङ, उपप्रधान तथा गृहमन्त्री बामदेव गौतम, अन्मिन प्रमुख इयान मार्टिन, पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापा, विभिन्न मन्त्रालयका उच्च पदस्थ व्यक्तिहरू लगायतले अवलोकन गर्नुभएको थियो । त्यस्तै विभिन्न विद्यालयका शिक्षक, विद्यार्थी, कार्यालयका कर्मचारी, सङ्घसंस्थाका प्रतिनिधिहरू, नागरिक समाजका प्रतिनिधि, अधिकारकर्मी, सञ्चारकर्मी लगायत करिब ८ सय जनाले प्रदशनीको अवलोकन गरेका थिए ।

## शिशुस्याहार कक्ष उद्घाटन

६०औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको अवसरमा आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले आयोगकै परिसरमा स्थापना गरिएको शिशुस्याहार कक्षको उद्घाटन गर्नुभयो । आयोगमा कार्यरत कर्मचारीहरू, खासगरी महिला कर्मचारीहरूले सुत्केरी भएको दुई महिनापछि कार्यालयको कामलाई निरन्तरता दिनुपर्ने भएकाले उनीहरूलाई काम गर्ने उपयुक्त वातावरण सिर्जना गर्न तथा बालबालिकाको स्तनपानको अधिकारलाई सुनिश्चित गर्न यो कक्ष खोलिएको हो । उद्घाटनका अवसरमा बोल्दै अध्यक्ष उपाध्यायले राज्यको हरेक संरचनामा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने राज्यको नीति भएकोले आयोगमा पनि महिला जनशक्ति थप हुने भएकाले कार्यालयलाई मानवअधिकारमैत्री बनाउन यो एउटा कदम हो भन्ने लागेको धारणा राख्नुभयो । उहाँले भन्नुभयो, 'यसले महिलाअधिकार संरक्षणमा थप टेवा पुग्छ भन्ने मेरो विश्वास छ ।'




**शिशु स्याहार कक्षको उद्घाटन गर्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्याय**

# मङ्सिर महिना मानवअधिकार अवस्था

मानवअधिकारको प्रवर्द्धनका दृष्टिले मङ्सिर महिना ज्यादै महत्वपूर्ण छ किनभने मङ्सिर मानवअधिकारका दर्जनौं दिवसहरूको महिना हो। खासगरी नोभेम्बर २५ मा पर्ने महिलाविरुद्ध हुने हिंसा उन्मूलनको अन्तर्राष्ट्रिय दिवसदेखि डिसेम्बर १० को अन्तर्राष्ट्रिय मानवअधिकार दिवस सम्मका १६ दिनलाई महिला विरुद्ध हुने हिंसा अन्त्यका लागि अन्तर्राष्ट्रिय अभियानकै रूपमा नेपालमा पनि मनाउने गरिएको छ। यस अवसरमा विभिन्न सङ्घसंस्थाहरूले स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय कार्यक्रमहरूको आयोजना गरी मानवअधिकारका विभिन्न पक्षमा फरकफरक स्वरूपमा अभियानहरू सञ्चालन गरी आ-आफ्ना चासोहरू प्रकट गरे।

देशमा विद्यमान दण्डहीनता अन्त्यका लागि राष्ट्रिय मानवअधिकार आयोगले यो महिनामा थप प्रयास गर्‍यो। मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको ६०औं वर्ष पूरा गरेको अवसरमा आयोगले देशबाट दण्डहीनताको अन्त्य गर्न, मानवअधिकारमैत्री संविधान निर्माण गर्न, महिला तथा बालबालिका विरुद्ध हुने हिंसाको अन्त्य गर्न, सामाजिक समावेशीकरणलाई जोड दिन तथा सङ्क्रमणकालीन न्यायलाई सम्बोधन गर्न नेपाल सरकार, राज्यका विभिन्न निकायहरू, राजनीतिक दल, नागरिक समाज तथा अन्य सम्बन्धित पक्षहरूसँग विशेष अपिल गर्‍यो। यसैगरी मङ्सिर ४ गते उपप्रधान तथा गृहमन्त्री वामदेव गौतमलाई आयोगमा बोलाई आयोगका सिफारिस कार्यान्वयन गर्न तथा दण्डहीनता अन्त्य गर्न नेपाल सरकारलाई निर्देशन दियो। त्यस अवसरमा उपप्रधानमन्त्री गौतमले आयोगका सिफारिस गर्न नेपाल सरकारको तर्फबाट प्रतिबद्धता व्यक्त गर्नुभयो।

यसै महिना नेपाल सरकार र भूमिअधिकारकर्मीबीच मङ्सिर महिनाभित्र उच्च स्तरीय भूमि सुधार आयोगको गठनका लागि सहमति भएको छ। सहमति अनुसार सरकारले भूमि सुधार आयोगको गठन प्रक्रियासमेत सुरु गरिसकेको छ। भूमि सुधार तथा कार्यान्वयन आयोग गठन गरी नागरिकको भू-स्वामित्वको अधिकार स्थापनाका लागि आवश्यक नीतिनियम तर्जुमा गर्न तथा त्यसको शीघ्र कार्यान्वयन गर्न राष्ट्रिय मानवअधिकार आयोगले नेपाल सरकारसमक्ष मङ्सिर १४ गते सिफारिस गरेको थियो। संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्च आयोगका आदीवासीसम्बन्धी समाधिक्षक एस जेम्स अनायाले नेपालको भ्रमण गर्नुभयो। उहाँले आदिवासी जनजातिको अधिकार सुनिश्चित गर्न आईएलओ महासन्धि १६९ का प्रावधानहरू अब बन्ने संविधानमा समावेश गर्न माग गर्नभयो।

## जीवनको अधिकार

यो महिना मानवअधिकार, खासगरी नागरिक सुरक्षाको अवस्था सन्तोषजनक रहेन। काठमाडौं उपत्यका लगायत देशका विभिन्न भागमा एक दर्जनभन्दा बढी हत्याका घटनाहरू भएको आयोगले पाएको छ। काठमाडौं स्युचाटार गाविस-२ का पुष्कर डङ्गोल (२२ वर्ष) र निर्मल पन्त (२४ वर्ष) को नेकपा (माओवादी) सम्बद्ध कार्यकर्ताबाट धादिङ जिल्लामा हत्या भयो। यस्तै रौतहट जिल्लाको सदरमुकाम गौरमा बम विस्फोटनमा परी 'यादव' थरका आठ वर्षीय बालकको मृत्यु भयो। गत कार्तिक ३० गतेदेखि बेपत्ता भएका काठमाडौं ताहाचाल निवासी बालकहरू रितेश रौनियार र आशिष मानन्धर (दुवै १५ वर्ष) थानकोट क्षेत्रमा मृत फेला परे। बारा जिल्ला कलैया नगरपालिका-२ औंधापुरकी पिलुवादेवी यादव (५२ वर्ष) लाई बोक्सीको आरोपमा हत्या गरियो। बाराकै बाराही



*जिल्ला प्रहरी कार्यालय सिरहाको हिरासत अनुगमनको क्रममा बन्दीहरूसँग कुराकानी गर्दै आयोगको टोली।*

गाविस-२ का ओमप्रकाश चौधरीको हत्यामा जनशक्ति क्रान्तिकारी पार्टीले हत्याको जिम्मेवारी दाबी गरेको भनी सुरक्षा निकायले पुष्टि गर्‍यो। त्यस्तै, तराई जनतान्त्रिक मुक्ति मोर्चा (ज्वालासिंह) का कार्यकर्ताले पर्सा जिल्ला विरुवागुठी गाविस-३ बस्ने शिक्षक लोकनाथ गैरेको गोली हानी हत्या गरे। शान्ति-सम्झौता दोस्रो वर्षको अवधिको मानवअधिकार अवस्थाबारे विवरण सार्वजनिक गर्दै आयोगले कम्तीमा १४५ जना मानिसले जीवन गुमाउनु परेको तथ्य उल्लेख गरेको छ। कैलाली जिल्ला मालाखेती गाविस-३ निवासी पत्रकार जगतप्रसाद जोशी गत असोज २२ गतेदेखि बेपत्ता भएको भनी उजुरी परेको र निज जोशीको स्थिति पत्ता लगाउन आयोगले विभिन्न स्थानमा खोजी प्रयास गरेको थियो। कार्यालयमा जानकारी आएपछि यस कार्यालयबाट निजको खोजीका लागि आवश्यक पहलहरु भैरहेको अवस्थामा निजको परिचय खुल्ने कागज तथा मानव कङ्काल मङ्सिर १३ गते कैलालीकै मालाखेती गाविसको जङ्गलमा फेला परेका थियो। आयोगले घटनाको अनुगमन गरेको थियो। यो महिना अपहरणका घटनाहरूमा उल्लेख्य वृद्धि भएको पाइयो। महोत्तरी जिल्लाको एकहरिया गाविस-९ का औषधी व्यावसायी चन्देश्वर मिश्र (५२ वर्ष) अज्ञात समूहको अपहरणमा परे। महोत्तरीकै पर्सादेवाद गाविस-४ का शीवदयाल सिंह अपहरणपछि अझै अज्ञात अवस्थामै छन्। त्यस्तै महोत्तरीकै जनता माविका प्रधानाध्यापकलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह) ले महोत्तरी जिल्लाको पर्सापनौली गाविसको पर्सा बजारबाट अपरहण गरे। उनको स्थिति अझै थाहा हुन सकेको छैन।

## शान्तिसुरक्षाको अवस्था

शान्तिसुरक्षा कायम गर्ने जिम्मेवारी बोकेका मन्त्रीदेखि सुरक्षाकर्मीले सुरक्षास्थिति थप सुदृढ भएको भनी सार्वजनिक अभिव्यक्ति दिइरहँदा राजधानी उपत्यका लगायत नेपालका विभिन्न भागमा, खासगरी मध्य तथा पूर्वी तराईमा हिंसात्मक गतिविधिहरू तीव्र भए। तराईका सिरहा, सप्तरी धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट, नवलपरासी, कपिलवस्तु र रुपन्देही जिल्लामा द्वन्द्वमा होमिएको दाबी गर्ने समूह, आपराधिक गिरोह र अज्ञात समूहहरू व्यक्ति अपहरण गर्ने, फिरौती असुल्ने, बलपूर्वक चन्दा लिने, लुटपाटका घटना गराउने, यात्रुबाहक बसमा आगजनी गर्ने, बम विस्फोट गराई जनधनको क्षति गराउने

लगायतका गतिविधिमा अझ बढी सक्रिय देखिए । पूर्वी पहाडी क्षेत्र र पूर्व-पश्चिम राजमार्ग (महेन्द्र राजमार्ग) लाई केन्द्रित गरी पटकपटक बन्द र हड्ताल आयोजना गरिए । यस्ता कार्यले व्यक्तिको आवागमनको न्युनतम स्वतन्त्रतालाई कुण्ठित तुल्यायो । साना-ठूला उद्योग तथा कलकारखानामा मजदुरहरूले राखेका माग र त्यसलाई पूरा गर्न नसकिने व्यवस्थापन पक्षको अडानका कारण खासगरी हेटौडा-वीरगञ्ज कोरिडोरमा काम गर्ने धेरै मजदुरको दैनिक जीवनयापत असहज बन्यो । दाङ जिल्लाको देउखुरी, तुलसीपुर, घोराही आसपासका क्षेत्र तथा श्रीगाउँ, पञ्चकुले, हेकुली, हलुवार, ढिकपुर, मानपुर समेतका गाविसहरूबाट नेकपा (माओवादी) का कार्यकर्ताले धानलगायतका अन्नबाली कब्जा गरेको र कमाइको अधिया भाग पाउने भनी सम्झौता गरिएको भए पनि तीनभागको एकभाग अन्नबाली मात्रै जग्गाधनीलाई दिन लगाएको, रोपाई गर्ने बेलामा फिर्ता भनिएका जग्गाहरूमा अन्न उठाउने बेलामा पुनः 'कब्जा' दाबी गरिएका र जग्गाहरू सम्बन्धित धनीलाई फिर्ता नगरेको गुनासो तथा उजुरीहरू आयोगमा दर्ता भए । समग्रमा मङ्सिर महिनामा देशको शान्ति सुरक्षाको अवस्था सन्तोषजनक हुन सकेन ।

यसै महिना रौतहट सदरमुकाममा बम विष्फोट हुँदा एक जनाको मृत्यु र एक जना घाइते भए । जिल्ला विकास समितिका महोत्तरीका इञ्जिनियर कृष्णकुमार मिश्रलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन समूह) का कार्यकर्ताले जनकपुरमा गोली हानी घाइते बनाएको जानकारी प्राप्त भयो । जनकपुर नगरपालिका- ११ स्थित चन्द्रकुमार महतोको घरमा मधेसी मुक्ति टाईगर समूहले बम बिष्फोट गरायो । सर्लाही जिल्लाको सदरमुकाममा बम विष्फोट हुँदा अग्नि यातायातको एउटा बसमा क्षति पुग्यो । वाईसीएलबाट हत्या भएको भनिएका निर्मल र पुष्करको सम्बन्धमा यथार्थ पत्ता लगाई दोषीलाई कारबाही गर्न दबाब दिन भनी गरिएको उपत्यका बन्दले राजधानीको जनजीवन प्रभावित बन्यो ।

जनकपुर र आसपासका जिल्लामा ग्रामीण क्षेत्रका वासिन्दा र पाहाडे समुदायका मानिसहरूले बढी असुरक्षित महसुस गरी अन्यत्र पलायन हुनेक्रम बढेको छ । विभिन्न समूहले अपहरण गरी फिरौती लिने, चन्दा माग्ने र नदिए मार्ने धम्की दिने, गाविस सचिव, शिक्षक, कर्मचारीमाथि विभिन्न आरोप र बहानामा आक्रमण जारी छ । यस क्षेत्रका यातायात व्यवसायी, उद्योग व्यवसायी लगायत विभिन्न पेसागत व्यक्तिहरूलाई हतियारधारी समूहले ठूलो रकम चन्दा माग्ने र नदिए मार्ने धम्की दिने भएकाले असुरक्षाको स्थिति विकराल बन्दै गएको छ । शान्तिसुरक्षा कायम गर्ने कुरामा राज्यको अभिभावकत्व नभएको अनुभव नागरिकहरूले गरिरहेका छन् । अपराधिक घटनालाई पनि राजनीतिकरण गर्ने परिपार्टी बढ्दै गएकाले दण्डहीनताको अवस्था अझ बिकराल बन्दै गएको छ । जनकपुर र आसपासका क्षेत्रमा गोली प्रहारका ३, बमविस्फोटका ५ र अपहरणका ९ घटनाहरू भएका छन् ।

## बेपत्ताको अधिकार

यो महिनामा सशस्त्र द्वन्द्वको अवधिमा बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गरिनु पर्ने विषयमा उल्लेख्य रूपमा दबाबकारी गविविधिहरू सञ्चालन भए । यस क्रममा बेपत्ता परिवार समाजले प्रधानमन्त्री, उपप्रधान तथा गृहमन्त्री र रक्षामन्त्रीलाई भेटी बेपत्ताको अवस्था सार्वजनिक गर्न र दोषीहरूलाई कारबाही गर्न माग राख्दै ज्ञापनपत्र बुझायो । ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्रीले बेपत्ता व्यक्तिको स्थिति पहिल्याउन बेपत्ता आयोग बनाईने जानकारी दिए पनि यो महिनाभरि आयोग बन्न सकेन । त्यस्तै सेनाद्वारा २०५८ माघ १ गते (सन् २००२ जनवरी १४) पक्राउ गरी बेपत्ता पारिएका बाग्लुङका सूर्यप्रसाद शर्मालाई नेपाली सेनाले नै बेपता पारी नागरिक तथा राजनीतिक अधिकारको हनन गरेकाले राष्ट्रसङ्घीय मानवअधिकार समितिको निर्णयलाई १८० दिनभित्र कार्यान्वयन गरी प्रतिक्रिया पठाउनु भनी संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार समितिले यसै महिना नेपाल सरकारलाई निर्देशन दिएको छ । अर्कातिर, प्रस्तावित व्यक्ति बेपत्ता पार्ने (कसूर तथा सजाय) ऐन २०६५ को मस्यौदा तयार गरी सरकारले औपचारिक छलफलमा त ल्यायो तर, संस्थागत रूपमा आयोगसाग परामर्श लिने कार्य गरेन । चितवन राष्ट्रिय निकुञ्जले राज्यद्वारा पाँच वर्ष पहिले बेपत्ता पारिएका भनिएका मकवानपुरका कृष्णबहादुर तामाङलाई दोषी ठहराई फैसला सुनाएको भनी सञ्चारमाध्ययमले समाचार प्रकाशित गरे । यस निर्णयको विरुद्ध पीडितकी श्रीमतिले पुनरावेदन अदालत हेटौडामा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दिएकोमा अदालतबाट रिट खारेज भएको जानकारी आयोगले प्राप्त गरेको छ । बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक हुन नसक्दा घरजग्गा नामसारी, नागरिकता प्राप्ति, ऋण प्राप्ति तथा अचल सम्पतिको भोगचलन गर्न पाउने कानुनी अधिकारको प्रचलनमा अवरोध पुगेको छ ।

## सम्पति कब्जा

सशस्त्र द्वन्द्वको अवधिमा विस्थापित व्यक्तिहरूले विभिन्न माग राखी चरणवद्ध आन्दोलन सुरु गरे यो महिना । उनीहरूले धर्ना, जुलुस र ज्ञापनपत्र दिने, सरोकारवाला निकायसँग वार्ता गर्ने लगायतका कार्यक्रम गरे । यसैक्रममा उनीहरूले आयोगमा समेत दबाब दिन भन्दै केही समय (४० मिनेट) ताला लगाए । सशस्त्र द्वन्द्वको समयमा सम्पत्ति कब्जा गरी नेकपा (माओवादी) ले हालसम्म फिर्ता नगरेको भनी प्रतिपक्षी नेपाली कांग्रेसले संविधानसभा-संसदमा अडान राखेपछि प्रधानमन्त्रीले मङ्सिर १५ भित्र त्यस्तो सम्पति फिर्ता गराउने भनेका थिए । तर, व्यक्त प्रतिबद्धता अनुसार कब्जा भएको सम्पति फिर्ता गराउन नसक्दा विस्थापित नागरिकले आफ्नो थातथलोमा फर्कन पाउने अधिकार कार्यान्वयन हुन सकेन । मङ्सिर महिनामा पनि नेकपा (माओवादी) समर्थित व्यक्तिहरूबाट सम्पति कब्जाका घटनाहरू सार्वजनिक भए । बर्दिया जिल्लाका ६२ जना किसानहरूको धानबाली लुटियो भने दाङमा पनि यस्ता घटनाहरू भए । बारा जिल्लाको सिमराका स्थानीय उद्योगपति विनोद गुप्ता र शिवकुमार शर्माको जग्गा नेकपा (माओवादी) समर्थित भूमिहीनहरूले कब्जा गरे । यसै जिल्लामा बस्ने नेपाली सेनाका पूर्वरथि शान्तकुमार मल्लको जग्गा स्थानीय नागरिक समाज समेतको उपस्थितिमा भूमिहीनहरूले कब्जा गरेको जानकारी आयोगले प्राप्त गऱ्यो ।

## वैदेशिक रोजगार

रोजगारीका लागि विदेश जाने नेपालीहरूको अवस्था र उनीहरूका न्युनतम अधिकारहरू सुनिश्चित गर्न सरकारका तर्फबाट कुनै ठोस पहल भएन । अघिल्लो महिनामा सवारी दुर्घटनामा परी मृत्यु भएका झापा अनारमनी गाविस-९ का सन्तोष घिमिरेको शव बहराईनको सल्मानिया अस्पतालमा अलपत्र रहेको थियो । दुई वर्षअघि रोजगारीका लागि मलेसिया पुगेका मादी राम्बेनी गाविस-६ संखुवासभाका मोहन दाहाल (वर्ष २२) राहदानी र नागरिकता चोरिएपछि अलपत्र रहेको भन्ने जानकारी प्राप्त भयो । यस्तै घरेलु कामदारको रूपमा कुवेतमा कार्यरत बर्दिया जिल्ला धवारा गाविसकी राधिका जैसी (३५ वर्ष) ले घरमालिकले विभिन्न अभियोगमा आफूलाई चरम यातना दिएको गुनासो गरेकी छन् । लेबनानमा रोजगारीको लागि पुगेका महिलामध्ये छजना थुनामा रहेका तथा ७० प्रतिशत महिला जोखिममा रहेका भनी गैरआवासीय नेपाली सङ्गठन लेबनानले जनाएको छ । रोजगारीको लागि साउदी अरब पुगेकी सुनसरी जिल्लाकी एक महिला बलात्कृत भई नेपाल फर्कनु परेको समाचार सार्वजनिक भएको छ । मलेसिया जोहरबारु म्युनिम्याक कम्पनीमा पुऱ्याइएका ८१ नेपाली युवाले सम्झौताबमोजिम काम नपाई आफूहरू अलपत्र परेको भनी उद्धारका लागि नेपाल सरकारसँग आग्रह गरेका छन् ।

## मुद्दा फिर्ता

राजनीतिक अभियोग भन्दै सरकारले ३ सय ४९ मुद्दा फिर्ता लिएको र त्यसमा धेरैजसो मुद्दाहरू आपराधिक प्रकृतिको रहको भनी यो महिना नेपाली सञ्चारमाध्यममा उल्लेख्य चर्चापरिचर्चाहरू भए । करिब डेढ महिनाअघि नै मन्त्रिपरिषद्ले गरेको उक्त निर्णयले द्वन्द्वको अवस्थामा गम्भीर अपराधको अभियोग लागेकाहरूले समेत मुक्ति पाएको अवस्था छ, जसअनुसार खुन-डाका-१०४, कर्तव्य ज्यानसम्बन्धी ९९, सार्वजनिक अपराधसम्बन्धी २३, राज्यविरुद्ध अपराधसम्बन्धी ६, हतियार तथा खरखजानासम्बन्धी ४२, ज्यानमार्ने उद्योगसम्बन्धी ३० र आगजनीसम्बन्धी ३९ मुद्दाहरू रहेको कानुन मन्त्रालयले जनाएको छ । आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको सन्दर्भमा आयोगको कार्यक्रममा उपस्थित भएका बेला प्रधानमन्त्री पुष्पकमल दाहाललाई यस बारेमा आयोगको धारणा स्पष्ट पारिसक्नु भएको छ । आयोगले गम्भीर अपराधको अभियोग लागेकालाई राजनीतिक मुद्दा फिर्ता गर्ने बहानामा उन्मुक्ति दिन नहुने बताएको छ । यस्ता कार्यले दण्डहीनतालाई प्रोत्साहित गर्ने आयोगको धारणा छ ।

## बालअधिकार

मङ्सिर २७ गते वनभोज कार्यक्रममा सहभागी भई बुटवल फुलवारीबाट नारायणगढ फर्कंदै गर्दा नवलपरासी-६ मा भएको सवारी दुर्घटनामा दुई दर्जन बालबालिका र शिक्षकहरूको मृत्यु भयो । यो घटनाबाट स्तब्ध बनेको आयोगले बालबालिका बोक्ने सवारी साधनमा हुने गरेको दुर्घटनको सङ्ख्या बढ्न थालेपछि बालबालिका सहभागी हुने कार्यक्रमहरूमा सावधानी अपनाउन आग्रह गऱ्यो । यस महिनामा मकवानपुर जिल्लाको छतिवन गाविस- ४ का १४ वर्षीया दुई बालिका माथि बलात्कारका घटना भए । त्यस्तै सिन्धुपाल्चोक जिल्लाको पिपलडाँडा गाविसकी १७ वर्षीया अशक्त किशोरी माथि पनि यौनशोषण भएको समाचार प्रकाशमा आयो । सेभ द चिल्ड्रेन नर्वेद्वारा यस महिनामा गरिएको एक प्रतिवेदनले द्वन्द्वपीडित बालबालिकामा मनोसामाजिक समस्या रहेको तर त्यसको प्रभावकारी उपचार हुन नसकेको जनाएको छ । केन्द्रीय बालकल्याण समितिले काठमाडौं उपत्यकामा सडक बालबालिकाको सङ्ख्या बढिरहेको भन्दै चिन्ता व्यक्त गऱ्यो । यसैगरी बलात्कारको आरोपमा १३ वर्षीया बालक दीपेन्द्र खत्रीलाई सिन्धुपाल्चोक जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा राख्न आदेश दिएपछि उनलाई अरू थुनुवाहरू सँगै कारागार शाखा सिन्धुपाल्चोकमा थुनामा राखेको पाइएको छ । यस्तै आमा र बाबु दुवैजना कर्तव्य ज्यानको अभियोगमा पुर्पक्षको लागि कारागार शाखा रौतहटमा थुनामा बस्नुपरेपछि उनीहरूका दुई नाबालक वर्ष ९ का विवेक महतो र वर्ष ४ की प्रियङ्का महतो पनि कारागारमा रहेको पाइएको छ । दैलेख जिल्ला बडाभैरव-२ का ११ बर्षीय बालक मानबहादुर नेपाली बेवारिसे बम विस्फोट हुँदा गम्भीर घाईते भए ।

सुदूरपश्चिमका कैलाली र कञ्चनपुर जिल्लामा बालबालिकालाई कमलरीका रूपमा घरेलु कामदार बनाई श्रमशोषण गर्ने कार्य रोकिएको छैन । गरीबीका कारण कमलरी बसेका दाङ र बर्दिया जिल्लाका ४१ जना युवतीहरू मालिककै घरबाट बेपता भएको भनी कमलरीप्रथा अन्त्यका लागि कार्यरत संस्था 'फ्रेण्डस् अफ निडी चिल्ड्रेन'ले जनाएको छ । आयोगको सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालयले नेपाल प्रहरी, मुक्त कमैया समाज र ओरेक नेपालसमेतको सहयोगमा कमलरी प्रथाको शिकार भएका केही बालबालिकाको उद्धार गरेको छ । कैलाली जिल्लाको चौमाला गाविस-८ बस्ने चेचिया चौधरी (२० वर्ष) लाई विगत १२ वर्षदेखि धनगढीमा, मौसमी चौधरी (वर्ष १५) लाई ३ बर्षदेखि दाङमा र हरिलाल चौधरी (वर्ष १२) को लाई कैलालीकै रामशिखरझालामा कमलरीको रुपमा राखेको भनी आयोगमा उजुरी परेको थियो ।

## महिला अधिकार

स्वास्थ्य संस्थामा गएर सुत्केरी गराउने महिलालाई प्रोत्साहन स्वरुप सरकारले भत्ता दिन थालेपछि ललितपुर जिल्लाको ग्रामीण भेगका गर्भवती महिलाहरू अस्पताल जाने सङ्ख्या बढेको जानकारी प्राप्त भएको छ । सरकारले सुत्केरी भत्ता बापत पहाडी जिल्लाका लागि एक हजार भत्ता दिने कार्यक्रम ल्याएको छ, जसले सुरक्षित प्रसुतिका लागि अस्पताल जान महिलालाई प्रोत्साहित गर्ने अपेक्षा छ यद्यपि यो कार्यक्रम सबैतिर लागू भएको छैन । यस महिनामा सरकारले घरेलुहिंसा विरुद्धको विधेयक संसदमा पेस गऱ्यो । २५ संस्थाका तर्फबाट मानवअधिकारकर्मीले राज्यका हरेक निकायमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न माग गर्दै संविधानसभाका अध्यक्ष सुवास नेम्वाङसमक्ष ज्ञापनपत्र प्रस्तुत गरे । अन्तर्राष्ट्रिय महिलाहिंसा विरुद्धको १६ दिने अभियानअन्तर्गत नै विभिन्न जिल्लाका महिलाहरू सङ्गठित भएका पनि समाचार सार्वजनिक भए । यो महिना महिलाहिंसा र लैङगिक विभेदका थुप्रै घटनाहरू सञ्चारमाध्यममार्फत् सार्वजनिक भए । महिलाहिंसाका घटनाहरू सामान्यतः मिलापत्रमा टुङ्गिने गरेकाले दण्डहीनताको अवस्था जस्ताको तस्तै छ ।

## बन्द हड्ताल

मङ्सिर ६ गते विराटनगरको स्नातकोत्तर क्याम्पसमा दुई समूहबीच भएको झडपका कारण विराटनगर तनावग्रस्त बन्यो । परिणाम स्वरूप मङ्सिर ७ र ८ गते विराटनगरमा यातायात तथा बजार बन्द रह्यो । यसै विषयलाई लिएर मङ्सिर ८ र ९ गते विराटनगर क्षेत्रका शिक्षण संस्थाहरू बन्द भए । यसले मङ्सिर ३ गते नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) को युवादस्ता मधेसी कमान्डो र सिद्धार्थनगर नगरपालिका वार्ड नं. १२ शान्तिनगरका युवाबीच भनाभन र हातपात भएपछि भोलिपल्ट दिउसो भैरहवा तनावग्रस्त बनेको थियो । झडपमा दुई प्रहरी सहित केही स्थानीय व्यक्ति घाइते भएका थिए । यसै विषयलाई लिएर सद्भावना पार्टी (आनन्दीदेवी) ले रुपन्देही जिल्लाबन्दको आह्वान गरेको थियो । पाँच दिनअघि जिल्ला कृषि विकास कार्यालय रुकुमका प्राविधक सहायक दलबहादुर रावलको हत्या भएको विरोधमा कर्मचारीहरुले मङ्सिर १० गते नवलपरासी जिल्ला बन्द गरे । यो दिन सरकारी र अर्धसरकारी निकायमा कुनै काम नभएकाले सेवाग्राहीहरू सेवा पाउनबाट वञ्चित भए । कैलाली जिल्लाका पत्रकार जे पी जोशीको अपहरणपछि हत्या भएको भनी सो घटनाको विरोधमा नेकपा (माओवादी) द्वारा कैलाली जिल्लामा अनिश्चितकालीन बन्द आह्वान गरेकाले यस क्षेत्रका नागरिकको आवागमन, व्यापार-व्यवसाय, शिक्षा, खाद्य आपूर्ति, स्वास्थ्यलगायतका अधिकारहरू प्रभावित भए ।

## न्याय प्रशासन

अपराधमा संलग्न व्यक्तिहरू पक्राउ नपर्नु र पक्राउ परे पनि कानुनी प्रक्रियामा ल्याउन ढिलो हुनु जस्ता कार्यले प्रहरी प्रशासनको काम कारबाही चुस्त नभएको देखिएकाले सामाजिक सुरक्षाको प्रत्याभूति र स्वतन्त्र रूपमा बाँच्न पाउने अधिकारलाई राज्यले संरक्षण नगरेको देखिन्छ । प्रहरी प्रशासनले जाहेरी लिन नमान्ने, लिन ढिलाई गर्ने, लिए पनि अनुसन्धान कार्यमा ढिलासुस्ती हुने गरेको देखिएको छ । कोशी नदीमा बाँध र बाटो अझै नबनेको कारण सर्बसधारणको आवागमनमा अप्ठेरो परेको छ । नदीमा सञ्चालित डुङ्गायात्रा जोखिमपूर्ण भएको र प्रशासन कार्यालयले त्यसको प्रभावकारी अनुगमनमा ध्यान नदिएकाले यात्रुहरू बढी पैसा तिरेर असुरक्षित यात्रा गर्न बाध्य छन् ।

# राष्ट्रिय मानवअधिकार संस्थाहरूको क्षेत्रीय परामर्श बैठक सम्पन्न

काठमाडौं/ सार्क राष्ट्रका राष्ट्रिय मानवअधिकार आयोगहरू, सरकारी पदाधिकारी तथा नागरिक समाजका प्रतिनिधिहरूको दुईदिने क्षेत्रीय परामर्श बैठक मानवअधिकार संरक्षण र प्रवर्द्धनका लागि सहकार्य अघि बढाउने सहमतिका साथ सम्पन्न भएको छ। उक्त बैठकमा बालअधिकारका चुनौतीहरूलाई सामना गर्न राष्ट्रिय मानवअधिकार संस्थाहरूको संयुक्त पहल हुनुपर्नेमा जोड दिइएको थियो जसका लागि सार्क क्षेत्रका मानवअधिकार निकायहरूको नियमित बैठक हुनुपर्ने र सचिव स्तरीय कार्य समूहको गठन गर्न र त्यसको प्रारम्भिक नेतृत्व सम्हाल्न परामर्श बैठकले राष्ट्रिय मानवअधिकार आयोग, नेपाललाई आग्रह गरेको छ।

राष्ट्रिय मानवअधिकार आयोग नेपाल र सेभ द चिल्ड्रेनको संयुक्त आयोजनामा दक्षिण एसियामै पहिलो पटक राष्ट्रिय मानवअधिकार निकायहरूको पहिलो परामर्श बैठक सम्पन्न भएको हो। मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को ६०औं वर्षका अवसरमा आयोजित उक्त बैठकमा द्वन्द्वमा बालबालिका, दक्षिण एसियाली दृष्टिकोण, शिक्षाको अधिकार र दक्षिण एसियाका चुनौतीहरू, बालअधिकार अनुगमनमा राष्ट्रिय मानवअधिकार आयोग-नेपालको अनुभव, बालबालिका बेचबिखनमा क्षेत्रीय दृष्टिकोणलगायतका विषयमा कार्यपत्र प्रस्तुत गरिएका थिए। बालबालिकालाई पूर्ण मानवको रूपमा व्यवहार नगरिएको, सार्कका सबै देशमा कुनै न कुनै किसिमको द्वन्द्व भइरहेकाले त्यसबाट बालबालिकाको नागरिक, सांस्कृतिक, आर्थिक, राजनीतिक र सामाजिक अधिकारहरू नराम्ररी प्रभावित भएको, गुणस्तरीय शिक्षामा यस क्षेत्रका बालबालिकाहरूको पहुँच ज्यादै न्युन रहेको जस्ता विषयमा बैठकमा छलफल भएको थियो। कार्यशालामा नेपाल, भारत, बङ्गलादेश, माल्दिभ्स, पाकिस्तानका मानवअधिकार आयोगका प्रतिनिधिहरू, सेभ द चिल्ड्रेनका विभिन्न देशका प्रतिनिधिहरू, सरकारी निकायका उच्च पदस्थ कर्मचारीहरू, गैरसरकारी संस्था तथा नागरिक समाजका प्रतिनिधिहरू सहभागी थिए।

संयुक्त राष्ट्रसङ्घको बडापत्र, मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८, बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९, वेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको बेचबिखन रोक्नेसम्बन्धी सार्क महासन्धि २००२ र दक्षिण एसियामा बालहितलाई प्रवर्द्धन गर्ने क्षेत्रीय व्यवस्थासम्बन्धी महासन्धि, २००२ मा उल्लिखित बालबालिकाका अधिकारहरू र राज्यको दायित्वलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सार्क क्षेत्रका सबै राष्ट्रिय मानवअधिकार संस्थाहरूको महत्वपूर्ण भूमिका हुने कुरालाई स्मरण गर्दै यस दुई दिने परामर्श बैठकले औंल्याएका मुख्य कुराहरू निम्न छन्:

१. दक्षिण एसियाका सबै देशहरूमा स्वतन्त्र राष्ट्रिय मानवअधिकार निकायहरूको स्थापना र सुदृढीकरण गर्न आवश्यक छ। साथै, ती निकायहरूको स्पष्ट कार्यादेश र बालअधिकार संरक्षण गर्ने प्रष्ट संयन्त्रको आवश्यकता छ।
२. मानवअधिकार र बालअधिकारका सवालहरूमा प्रभावकारी सहकार्य गर्न आवधिक बैठकहरू सञ्चालन गर्न आवश्यक छ। साथै, प्रारम्भिक कार्यका रूपमा सबै मानवअधिकार निकायहरूलाई संलग्न गरी सचिव स्तरीय कार्य समूह गठन गर्न प्रस्ताव गरिएको छ। आगामी दुई वर्षसम्म त्यस्तो सचिवालयको प्रारम्भिक उत्तरदायित्व ग्रहण गर्न नेपालको राष्ट्रिय मानवअधिकार आयोगलाई आग्रह गरिएको छ।
३. सार्क क्षेत्रमा भइरहेको बालअधिकार हननको चुनौतीलाई सामना गर्न राष्ट्रिय मानवअधिकार निकायहरूले एक आपसमा सहकार्यका संयुक्त प्रयत्नहरू गर्नेछन्।
४. यस परामर्श बैठकले पारित गरेका सिफारिसहरूलाई सन् २००९ को जनवरीमा भारतमा हुन गइरहेको राष्ट्रिय मानवअधिकार निकायहरूको सम्मेलनमा प्रस्तुत गरिने छ।

# भूमिसम्बन्धी आयोग गठन गर्न सिफारिस

ललितपुर/ नेपाल सरकार र भूमिअधिकारकर्मीबीच मङ्सिर महिनाभित्र उच्च स्तरीय भूमिसुधार आयोगको गठनका लागि सहमति भएको छ। राष्ट्रिय मानवअधिकार आयोगले भूमिसुधार तथा कार्यान्वयन आयोग गठन गरी नागरिकको भू-स्वामित्व माथिको अधिकार स्थापनाका लागि आवश्यक नीतिनियम तर्जुमा गर्न तथा त्यसको शीघ्र कार्यान्वयन गर्न नेपाल सरकारसमक्ष मङ्सिर १४ गते सिफारिस गरेको थियो। आयोगका कार्यालयहरूबाट भइरहेका नियमित अनुगमन, भूमिअधिकारसम्बन्धी आयोगले गरेको अध्ययन र पीडित व्यक्तिको मागहरू समेतका आधारमा आयोगले यो सिफारिस गरेको हो। आयोगले धर्ना आन्दोलनलाई संवादको माध्यमबाट तत्काल समाधान गर्न नेपाल सरकारलाई आग्रह गरेको थियो। राष्ट्रिय भूमिअधिकार मञ्च नेपाल नामक संस्थाको अगुवाइमा नेपालका ४० भन्दा बढी जिल्लाका करिब १ सय ५० जना भूमिहीन किसानहरूले काठमाडौं खुलामञ्चमा गरिरहेका थिए।

नेपालमा रहेका भूमिहीन, सुकुम्बासी, मुक्त कमैया तथा हलियाहरू माथि कानुनी तथा सामाजिक विभेद भैरहेको आयोगले गरेको अनुगमनमा पाइएको थियो। राष्ट्रिय भूमिअधिकार मञ्च, नेपालले राखेका मागहरू मानवअधिकार तथा सामाजिक न्यायको दृष्टिकोणवाट महत्वपूर्ण भएको हुँदा राजनीतिक इच्छाशक्ति र कानुनहरूको संशोधन र सुधारबाट पूरा हुन सक्ने प्रकृतिका देखिन्छन्। अत: भू-स्वामित्वसम्बन्धी नागरिकका आवाजलाई सम्बोधन गर्न तथा वार्तामार्फत् तत्कालै समाधान खोज्न आयोगले नेपाल सरकारसमक्ष सिफारिस गरेको थियो।

नेपालको अन्तरिम संविधान २०६३ को धारा ३३ मा 'राज्यको दायित्वमा सामन्ती भू-स्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधारको नीति राज्यले अबलम्बन गर्ने' कुरा उल्लेख छ। त्यसैगरी सोही धारामा 'सुकुम्बासी, कमैया, हलिया, हरवा-चरवा लगायत आर्थिक, सामाजिक रूपले पछाडि परेका वर्गलाई जग्गालगायत आर्थिक, सामाजिक, सुरक्षाको व्यवस्था गर्ने' दायित्व राज्यको भएको उल्लेख छ। साथै, संविधानको धारा ३५ मा भूमिहीन, सुकुम्बासी, कमैया एवम् पिछडिएका क्षेत्र तथा समुदायका लागि सकारात्मक विभेदको रूपमा विशेष व्यवस्था गर्ने नीति राज्यले अवलम्बन गर्ने कुरा उल्लेख छ। नेपाल पक्ष भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रको धारा ११ ले पनि राज्यले आफ्ना नागरिकका लागि गाँस, बास कपासको व्यवस्था गर्नु पर्ने भन्ने जिम्मेवारी तोकेको छ।

# संविधानसभा र मानवअधिकार कार्यशाला

राष्ट्रिय मानवअधिकार आयोगले नेपालका विभिन्न भागमा 'संविधानसभा र मानवअधिकार' विषयक क्षेत्रीय कार्याशालाहरू शृङ्खलाबद्ध रूपमा आयोजना गरिरहेको छ । यस्ता कार्यशालाहरू मङ्सिर महिनामा पोखरा, नेपालगञ्ज, धनगढी र जनकपुरमा सम्पन्न भइसकेका छन् भने विराटनगरमा सञ्चालन हुने क्रममा छ । आयोगको रणनीतिक योजना २००८-२०१० मा समावेशी र सहभागितामूलक रूपमा मानवअधिकारमैत्री संविधान बनाउन आयोगले विभिन्न कार्यक्रमहरू आयोजना गर्ने उल्लेख भएअनुरूप यी कार्यक्रमहरू सञ्चालन भएका हुन् । आयोगको पोखरा क्षेत्रीय कार्यालयको आयोजनामा 'मानवअधिकारमैत्री संविधान निर्माणमा हाम्रो पहल' विषयक दुई दिवसीय कार्यशाला मङ्सिर ११ र १२ गते सम्पन्न भयो । पश्चिमाञ्चल क्षेत्रीय कृषि अनुसन्धान केन्द्र लुम्लेमा सम्पन्न उक्त कार्यशालामा आयोगका सदस्य रामनगीना सिंहले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सदस्य सिंहले मानवअधिकारमैत्री संविधान निर्माण गर्न आयोगले देशव्यापी रूपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिनुभयो । उहाँले सबै क्षेत्रबाट प्राप्त राय-सुझावलाई सङ्कलन तथा संश्लेषण गरी संविधानसभा समक्ष प्रस्तुत गरिने जानकारी दिनु भयो ।




त्यसैगरी यसै विषयमा मङ्सिर १९ र २० गते नेपालगञ्जमा सम्पन्न कार्यशालामा मध्यपश्चिमाञ्चल क्षेत्रका मानवअधिकारकर्मी, कानुन व्यवसायी, पत्रकार, नागरिक समाजका प्रतिनिधि, सुरक्षाकर्मी र सरकारी निकायका प्रतिनिधिहरू सहभागी थिए । त्यस्तै, आयोगको सुदूरपश्चिमाञ्चल कार्यालय धनगढीद्वारा आयोजित 'मानवअधिकारमैत्री संविधान निर्माणमा हाम्रो पहल' विषयक दुई दिवसीय क्षेत्रीय कार्यशाला मङ्सिर २३ र २४ गते धनगढीमा सम्पन्न भयो । राजनीतिक दल, महिला, दलित, आदिवासी जनजाती, यौन अल्पसङ्ख्यक, धार्मिक समुदाय, मजदुर, द्वन्द्व पीडित, विस्थापित, अपाङ्गता भएका व्यक्तिहरू र अन्य सिमान्तिकृत समुदायको समेत प्रतिनिधित्व रहेको कार्यशालामा सुदूरपश्चिमाञ्चलका सबै जिल्लाको सहभागिता थियो ।

आयोगको सम्पर्क कार्यालय जनकपुरमा 'मानव अधिकारमैत्री संविधान निर्माण प्रक्रियामा हाम्रो भूमिका' विषयक कार्यशाला मङ्सिर ३० र पुस १ गते सम्पन्न भयो । आयोगका सदस्य रामनगीना सिंहको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यशालामा सभासद् रामसरोज यादव, पुनरावेदन अदालत जनकपुरका न्यायाधीश डा. हरिवंश त्रिपाठी, धनुषाका प्रमुख जिल्ला अधिकारी शम्भु कोइराला, प्रहरी उपरीक्षक यादवप्रसाद खनाललगायत त्यस क्षेत्रका अधिकारकर्मी, सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधिहरू उपस्थित हुनुहुन्थ्यो । संविधानसभासम्बन्धी सबै कार्यशालाहरूमा प्रशिक्षक तथा सहजकर्ताका रूपमा आयोगका विधिविषय परामर्श महाशाखाका प्रमुख शंकरनाथ अधिकारीले 'संविधान निर्माण प्रकृया: विगत र वर्तमान' विषयमा सहजीकरण गर्नु भएको थियो । त्यस्तै, आयोगको योजना महाशाखाका सूर्यबहादुर देउजाले 'मानवअधिकारमैत्री संविधान र यसका आधारभूत विशेषताहरू'का बारेमा सहजीकरण गर्नु भएको थियो ।

कार्यशालामा संविधान निर्माण प्रक्रियालाई पारदर्शी, सहभागितामूलक र प्रभावकारी बनाउन के गर्न सकिन्छ ? संविधान निर्माणमा योगदान पु¥याउन विभिन्न सरोकारवालाबीच कस्तो सहकार्य आवश्यक छ ? संविधानसभाको कार्यतालिका अनुरूप आफ्नो तर्फबाट राय सुझाव सङ्कलन गरी प्रस्तुत गर्नका लागि प्रारम्भिक तयारीको खाका कस्तो हुनुपर्छ ? संविधान निर्माण प्रक्रियामा विभिन्न समुदायका सरोकारहरू संविधानसभा समक्ष पु¥याउन राष्ट्रिय मानवअधिकार आयोगको रणनीति कस्तो हुनुपर्छ ? लगायतका प्रश्नहरू माथि समूहगत छलफल गराइएको थियो । कार्यशालामा अतिरिक्त स्रोत व्यक्तिका रूपमा पोखरामा पृथ्वीनारायण बहुमुखी क्याम्पसका प्राध्यापक तथा समाजशास्त्री डा. विश्वकल्याण पराजुली, नेपालगञ्जमा अधिवक्ता सुरजकुमार पौडेल र जनकपुरमा पुनरावेदन अदालतकाका न्यायाधीश डा. हरिवंश त्रिपाठीले भाग लिनुभएको थियो ।

## माओवादी पीडितहरूका तर्फबाट आयोगमा ज्ञापन

ललितपुर/ सरकार-माओवादी द्वन्द्वको समयमा नेकपा (माओवादी) बाट पीडित भएका व्यक्तिहरूको संयुक्त सङ्घर्ष समितिले राष्ट्रिय मानवअधिकार आयोग समक्ष मङ्सिर ८ गते ज्ञापनपत्र बुझाएका छन् । ज्ञापनपत्र बुझ्दै आयोगका सदस्य रामनगीना सिंहले पीडितहरूको चासोलाई सरकारसमक्ष पु¥याउन आयोगले आवश्यक पहल गर्ने बताउनु भयो । उहाँले भन्नुभयो, 'विस्थापित, सम्पति कब्जा, भूमिहीन लगायत सरकार-माओवादी द्वन्द्वका क्रममा पीडित भएकाहरूका सम्बन्धमा आयोगले विभिन्न मितिमा नेपाल सरकारलाई सिफारिस गरिसकेको छ । ती सिफारिसहरूलाई कार्यान्वयन गराउन आयोगले थप पहल गर्नेछ ।'

ज्ञापनपत्र बुझाउन आएको संयुक्त सङ्घर्ष समितिको टोलीमा माओवादी पीडित राष्ट्रिय सङ्घर्ष समिति, द्वन्द्व विस्थापित सेना प्रहरी कार्य समिति, नेपाल भूमिहीन सङ्घ, राष्ट्रवादी नागरिक समाज, र नेपाल राष्ट्रिय स्वयम्सेवक सङ्घका प्रतिनिधिहरू सहभागी थिए । उनीहरूले गणतन्त्र स्थापना भई संविधानसभा निर्वाचन सम्पन्न भईसक्दा समेत माओवादी ज्यादती कायमै रहेको र कब्जा भएका सम्पति फिर्ता नपाएको गुनासो गरे । आफ्नो घरजग्गा निःशर्त फिर्ता पाउनु पर्ने, आफ्नो पूर्ववर्ती थातथलोमा जान र पुनर्वास गर्न पाउनु पर्ने, उचित क्षतिपूर्ति पाउनु पर्ने लगायतका मागहरू पूरा गराउन सक्दो पहल गरिदिन उनीहरूले आयोग समक्ष आग्रह गरे । उनीहरूले विगतमा मानवअधिकार उल्लङ्घन र ज्यादतीमा संलग्न भएकाहरूलाई कानुन बमोजिम कारबाही नभएसम्म आफ्नो आन्दोलन जारी रहने बताए ।

तत्कालीन नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३ मङ्सिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौताको दफा ५ (१) ८ मा कब्जा गरिएका सम्पति फिर्ता गर्ने र दफा ५ (२) ८ मा विस्थापितलाई आ-आफ्नो थातथलोमा फिर्ता जान दिने उल्लेख छ । त्यसैगरी, नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६४ कार्तिक ८ गते सम्पन्न २३ बुँदे सहमतिमा १ महिनाभित्र विस्थापितहरूको कब्जा गरिएको घरजग्गा तथा अन्य सम्पति फिर्ता गर्ने उल्लेख छ ।

### उपप्रधान तथा गृहमन्त्री र आयोग पदाधिकारीबीच छलफल

# आयोगका सिफारिस कार्यान्वयन गर्न आयोगको जोड

ललितपुर/ उपप्रधान तथा गृहमन्त्री बामदेव गौतमले राष्ट्रिय मानवअधिकार आयोगका सिफारिसहरू यथाशीघ्र कार्यान्वयन गर्नेतर्फ नेपाल सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ। आयोगका पदाधिकारीहरूसँग मङ्सिर ४ गते भएको छलफलमा मन्त्री गौतमले भन्नुभयो, 'मानवअधिकार उल्लङ्घन र ज्यादतीसम्बन्धी आयोगले गरेका सिफारिसहरू कार्यान्वय गर्न सरकारले पर्याप्त चासो दिनेछ र गृहमन्त्रालय र आयोगबीचको कार्यगत समन्वयलाई अझ सुदृढ बनाउनु पर्छ।'

छलफलमा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले शान्तिसुरक्षाको अवस्थामा पर्याप्त सुधार नभए नागरिकका सबै अधिकारहरू प्रभावित हुनेतर्फ मन्त्री गौतमको ध्यानाकर्षण गराउनु भएको थियो। अध्यक्ष उपाध्यायले पूर्वी तथा मध्य तराईका जिल्लाहरूको सुरक्षास्थिति सुदृढ हुन नसकेको, त्यहाँ दिनहुँ अपहरण, जबर्जस्ती चन्दा र हत्याका घटनाहरू भइरहेको, आयोगका सिफारिसहरू कार्यान्वयन गर्नेतर्फ सरकारले पर्याप्त चासो नदिएको लगायतका विषयमा आयोगको चासो प्रकट गर्नुभयो। उहाँले विस्तृत शान्ति सम्झौताको नियमित अनुगमन गर्न आयोगलाई जिम्मेवारी दिएको तर सरकारले दाङ र कपिलवस्तु घटनामा दोषी पाइएकाहरू लगायतको मुद्दा फिर्ता लिएकाले दण्डहीनताको अवस्था कायमै रहन सक्ने औंल्याउनु भयो।

आयोगका सदस्य रामनगीना सिंहले मानवअधिकार उल्लङ्घनका घटनामा प्रहरीहरूको संलग्नता पाइएको र विभिन्न जिल्लाबाट धानबाली लुट्न राजनीति दलका कार्यकर्ता र आपराधिक गिरोह सक्रिय रहेकोतर्फ गृहमन्त्रीको ध्यानाकर्षण गराउनु भयो। त्यसैगरी आयोगका सदस्य गौरी प्रधानले राजनीतिक दलका युवा दस्ताले कानुन हातमा लिने काम गरिरहेकाले त्यस्ता घटनामा दोषी पाइएकालाई राजनीतिक सहमतिमा उन्मुक्ति दिन नहुने बताउनु भयो। उहाँले आयोगका कर्मचारी दयाराम परियारको हत्यामा दोषी पाइएका प्रहरी कर्मचारीलाई सरकारले कानुनी कारबाही नगरेको बारे गृहमन्त्रीको ध्यानाकर्षण गराउनु भयो। आयोगका सदस्य डा. लीला पाठकले महिला हिंसाका घटनामा प्रहरीले उजुरी दर्ता नगरेका उजुरीहरू आयोगले प्राप्त गरिरहेको अवस्थाबारे जानकारी गराउँदै महिलाको संरक्षणमा जिल्ला प्रशासन कार्यालयले अभिभावकको भूमिका निर्वाह गरोस् भनी गृहमन्त्री समक्ष आग्रह गर्नुभयो।

छलफलमा बोल्दै गृहमन्त्री बामदेव गौतमले सरकार दण्डहीनताको अन्त्य गर्न र काननुको परिपालन गर्न लगाउन कटिबद्ध रहेको बताउनुभयो। उहाँले भन्नुभयो, 'मानवअधिकारको अवस्था बिग्रनु भनेको देशकै प्रतिष्ठा खस्कनु हो। हिजोको द्वन्द्वको अवशेषका रूपमा अझै पनि हिंसात्मक गतिविधिहरू भइरहेका छन्। तिनलाई नियन्त्रण गरी सुशासन कायम गर्न र कानुनलाई हातमा लिई आफूखुशी गर्न दिदैनौं।' छलफलमा गृहसचिव डा. गोविन्द कुसुम, प्रहरी महानिरीक्षक हेमबहादुर गुरुङ, सशस्त्र प्रहरी महानिरीक्षक वासुदेव ओली, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख धनसिंह कार्की, प्रहरी अतिरिक्त महानिरीक्षक रविन्द्र श्रेष्ठ, प्रहरी उपमहानिर्देशक (मानवअधिकार) विनोद सिंह, आयोगका सचिव विशाल खनाल लगायतको उपस्थिति थियो।

## नयाँ संविधानमा बालहित सुनिश्चित गर्न आयोगको आग्रह

ललितपुर/राष्ट्रिय मानवअधिकार आयोगले संविधानसभामार्फत् बन्न लागेको संविधानमा बालबालिकाका हकहित सुनिश्चित गर्न सम्बन्धित सबैलाई आग्रह गरेको छ। अन्तर्राष्ट्रिय बालअधिकार दिवसको अवसर पारेर प्रेस वक्तव्य जारी गर्दै आयोगले आगामी संविधान बालअधिकारमैत्री बन्नुपर्छ भन्ने कुरामा जोड दिएको हो। १९औं अन्तर्राष्ट्रिय बालअधिकार दिवसका अवसरमा राष्ट्रिय मानवअधिकार आयोग नेपालका सम्पूर्ण बालबालिका रोग, भोक, शोषण, दुर्व्यवहार, अशिक्षा तथा द्वन्द्वको मारबाट मुक्त भई उज्ज्वल भविष्यतर्फ अग्रसर हुन सकून् भनी कामना गर्दछ। साथै, यस दिवसका अवसरमा बालअधिकार सुदृढीकरण अभियानमा समर्पित सम्पूर्ण मानवसन्तति प्रति आयोग हार्दिक सम्मान प्रकट गर्दछ। हरेक वर्ष नोभेम्बर २० तारिखमा अन्तर्राष्ट्रिय बालअधिकार दिवस संसारभरि मनाउने गरिन्छ। यो वर्षका लागि हाम्रो देशमा 'नयाँ नेपालको नयाँ संविधान, बालअधिकारको पूर्ण सम्मान' को नारा तय गरिएको छि।

नेपाल बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ को पक्षराष्ट्र भइसकेको छ, जसले बालबालिकाका आधारभूत मानवअधिकार संरक्षण र परिपूर्ति गरी बालबालिकाको सर्वाङ्गिण विकासका लागि सम्बन्धित देशलाई उत्तरदायी बनाउँछ। सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगसम्बन्धी इच्छाधीन आलेख (२०००), बालबेचविखन, बाल वेश्यावृति र अश्लील कार्यमा बालबालिकाको प्रयोग विरुद्धको इच्छाधीन आलेख (२०००), निकृष्ट प्रकारका बालश्रमसम्बन्धी आइएलओ महासन्धि, १९९९ मा समेत नेपालले हस्ताक्षर र अनुमोदन गरिसकेको छ। त्यसैगरी, नेपालको अन्तरिम संविधान, २०६३ ले बालअधिकारलाई मौलिक हकको रूपमा स्थापित गरेको छ।

प्रेस वक्तव्यमा भनिएको छ, 'संविधानसभा मार्फत् संविधान लेखनको यो महत्वपूर्ण समयमा राज्यका विभिन्न निकायहरूबाट समय-समयमा गरिएका बालअधिकारसम्बन्धी प्रतिबद्धताहरूको कार्यान्वयन स्थितिको समीक्षा गर्ने बेला आएको छ।' आयोगले संविधानसभामार्फत् बन्न लागेको संविधान मानवअधिकारमैत्री हुनुपर्छ भनी आवाज उठाइरहेको छ र यसमा बालअधिकारले उचित स्थान पाउनु पर्दछ भन्ने आयोगको धारणा छ। बालअधिकार संरक्षण, प्रवर्द्धन र परिपूर्तिका लागि आयोगले नेपाल सरकारलाई विभिन्न समयमा सिफारिसहरू गरिरहेको छ। कार्यान्वयन हुन बाँकी रहेका सिफारिसको कार्यान्वयनका लागि नेपाल सरकारले तत्काल पहल थाल्नु पर्दछ। 'हिजोको द्वन्द्वको असरबाट गुज्रिरहेका बालबालिका र अन्य विभिन्न जोखिमपूर्ण परिस्थितिबाट आफ्नो सुदूर भविष्यलाई चियाइरहेका नेपालका हजारौं बालबालिकाहरूलाई राहत, पुनःस्थापना र सामाजिक पुनःएकीकरणको खाँचो टड्कारो छ' वक्तव्यमा उल्लेख छ।

आयोगले जारी गरेको प्रेस वक्तव्यमा भनिएको छ, 'अब बन्ने संविधानमा नेपालका सबै बालबालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा, स्वास्थ्य र संरक्षण प्राप्तिलाई सुनिश्चित गर्न नेपाल सरकार र सम्बद्ध सबैलाई राष्ट्रिय मानवअधिकार आयोग यो अन्तर्राष्ट्रिय दिवसका अवसरमा हार्दिक आग्रह गर्दछ। संविधानको धारा २२ मा व्यवस्था गरेबमोजिमको बालअधिकार प्रत्याभूत गर्ने तर्फ आवश्यक पहल थाल्न र बालअधिकारसम्बन्धी विगतमा भएका प्रतिवद्धताहरूलाई यथाशीघ्र कार्यान्वयन गर्न आयोग नेपाल सरकारलाई पुनः आग्रह गर्दछ।'

### फोटो फिचर

# ६० औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा राष्ट्रिय मानवअधिकार आयोगका विभिन्न कार्यालयमा गरिएका गतिविधिहरू




आयोगका सदस्य डा. के.बी. रोकाया धनगढीमा आयोजित कार्यक्रममा बन्दीका अधिकारसम्बन्धी विशेष पोस्टर सार्वजनिक गर्दै ।



नेपालगञ्ज म्याराथुन दौडमा सहभागी हुँदै आयोगका क्षेत्रीय निर्देशक बेद भट्टराई लगायत स्थानीय मानवअधिकारकर्मीहरू विशेष पोसाकमा ।



पोखरामा सम्पन्न “मानवअधिकारमैत्री संविधान निर्माणमा हाम्रो पहल” विषयक कार्यशालाका सहभागीहरू ।



मानवअधिकार दिवसका अवसरमा आयोगको जुम्ला सम्पर्क कार्यालयले आयोजना गरेको मानवअधिकार र्‍याली ।




६०औँ अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा विराटनगरमा आयोजित कोणसभालाई सम्बोधन गर्दै आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालयका निर्देशक सुवर्णकुमार कर्माचार्य ।



पोखरा रङ्गशालामा स्थानीय मानवअधिकारकर्मी र सञ्चारकर्मीबीच भएको मैत्रीपूर्ण फुटबल खेल्न तयारी अवस्थामा उभिँदै ।

# राष्ट्रिय मानवअधिकार आयोग

## वि.सं. २०६५ मङ्सिर महिनामा परेका उजुरीहरू

| सि.नं | मानवअधिकार उल्लङ्घनको विषय | केन्द्रीय कार्यालय | क्षेत्रीय कार्यालयहरू | | | | सम्पर्क कार्यालयहरू | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ललितपुर | विराटनगर | पोखरा | नेपालगञ्ज | धनगढी | जनकपुर | बुटवल | खोटाङ | जुम्ला | |
| १ | नेकपा (माओवादी) बाट अपहरण/स्थिति अज्ञात (वाईसीएल समेत) | – | २ | – | – | – | | – | यो महिना खोटाङमा कुनै उजुरी परेन । | – | २ |
| २ | सुरक्षाकर्मीबाट बेपत्ता | १ | – | १ | ४ | – | १ | – | | – | ७ |
| ३ | अन्य समूहबाट स्थिति अज्ञात | – | – | १ | – | – | – | – | | – | १ |
| ४ | सुरक्षाकर्मीबाट हत्या/ हिरासतमा मृत्यु | – | १ | – | – | – | – | | | – | १ |
| ५ | नेकपा (माओवादी) बाट हत्या | – | १ | – | – | – | – | – | | – | १ |
| ६ | अन्यबाट हत्या (युथफोर्स १) | १ | – | – | – | – | – | – | | – | १ |
| ७ | यातना | ३ | १ | – | १ | १ | – | – | | – | ६ |
| ८ | दुर्व्यवहार | – | २ | | – | – | – | – | | – | २ |
| ९ | कारागारसम्बन्धी | – | - | – | - | – | – | – | | – | ० |
| १० | सुरक्षकर्मीबाट विस्थापित | – | – | – | - | – | – | – | | – | ० |
| ११ | नेकपा (माओवादी) बाट विस्थापित | १ | १ | – | – | – | – | – | | – | २ |
| १२ | नेकपा (माओवादी) द्वारा सम्पति कब्जा वाईसीएल समेत | १ | १ | – | १ | – | १ | – | | – | ४ |
| १३ | सुरक्षाकर्मीद्वारा सम्पति कब्जा | – | – | – | – | – | – | – | | – | ० |
| १४ | अन्यबाट सम्पति कब्जा | – | – | – | – | – | – | – | | – | ० |
| १५ | क्षतिपूर्ति | २ | – | – | – | – | १ | – | | – | ३ |
| १६ | नेकपा (माओवादी, वाईसीएल समेत) बाट धम्की | – | – | – | – | – | – | – | | – | ० |
| १७ | सुरक्षाकर्मीबाट धम्की | १ | – | – | – | – | – | २ | | – | ३ |
| १८ | अन्यबाट धम्की | – | – | १ | – | – | – | – | | – | १ |
| १९ | थुना सम्बन्धी (गैरकानुनी पक्राउ) | – | १ | – | – | – | १ | – | | – | २ |
| २० | नागरिक अधिकार (जीवन रक्षा) | – | – | १ | | – | – | – | | – | १ |
| २१ | पुनःगिरफ्तारी | – | – | – | – | – | – | – | | – | ० |
| २२ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | २ | १ | २ | – | – | – | | | – | ५ |
| २३ | सुरक्षाकर्मीबाट घाईते/कुटपिट | – | – | – | – | – | – | – | | – | ० |
| २४ | नेकपा (माओवादी, वाईसीएलसमेत) बाट घाईते/कुटपिट | – | – | – | – | – | – | – | | – | ० |
| २५ | बम विष्फोटमा घाईते | – | – | – | – | – | – | – | | – | ० |
| २६ | बालअधिकार | – | १ | – | – | ३ | – | – | | – | ४ |
| २७ | महिलाअधिकार (घरेलु हिंसा समेत) | – | – | – | | – | १ | – | | – | १ |
| २८ | न्याय प्रशासन | २ | ४ | – | – | – | २ | – | | १ | ९ |
| २९ | अन्य | १ | १ | १ | १ | – | – | – | | – | ४ |
| | जम्मा | १५ | १७ | ७ | ७ | ४ | ७ | २ | ०० | १ | ६० |

भर्खरै प्रकाशित भएका

# राष्ट्रिय मानवअधिकार आयोगका प्रकाशनहरू

आयोगका कार्यालयहरूमा उपलब्ध छन्










## मानवअधिकार उल्लङ्घनसम्बन्धी कुनै पनि घटनाका बारेमा राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरौं ।

## मानवअधिकार हटलाइन

# २-११-११-११

(दुई एघार एघार एघार)

## चौबिसै घन्टा खुला छ ।

- उजुरी दर्ता गराउँदा कुनै दस्तुर लाग्दैन ।
- उजुरी कुनै पनि भाषामा लिखित वा मौखिक रूपमा दिन सकिने छ ।
- मानवअधिकार उल्लङ्घनकारीलाई कानुनी कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति दिलाउन आयोगले पहल गर्नेछ ।

### पत्राचारको लागि

सम्पादक, मानवअधिकारपत्र, राष्ट्रिय मानवअधिकार आयोग,
केन्द्रीय कार्यालय, ललितपुर
पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल
फोन: ०१-५०१००१५, फ्याक्स: ००९७७-१-५५४७९७३
इमेल: manav.adhikarpatra@nhrcnepal.org

प्रापक:

राष्ट्रिय मानवअधिकार आयोग, हरिहरभवन, ललितपुरबाट प्रकाशित, पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल, फोन: ०१-५०१००१५, फ्याक्स: ०१-५५४७९७३, सम्पादक: भानुभक्त आचार्य